मुख्यमन्त्री

मुख्यमन्त्री
कोशी प्रदेश
विराटनगर, नेपाल

कोशी प्रदेश
पर्यटन वर्ष २०८२

कोशी प्रदेश, विराटनगर, नेपाल

# शुभकामना

बौद्ध दर्शनका प्रवर्तक एवम् शान्तिका अग्रदूत गौतम बुद्धको २५७० औं जन्म जयन्तीको अवसरमा कोशी प्रदेश तथा स्वदेश एवम् विदेशमा रहनुभएका नेपाली दिदीबहिनी तथा दाजुभाइ एवम् सम्पूर्ण बौद्ध धर्मावलम्बीहरुमा सुख, शान्ति र समृद्धिको हार्दिक शुभकामना व्यक्त गर्दछु। आजको दिन बुद्धको जन्म, ज्ञान प्राप्ति र महापरिनिर्वाण एकै दिन परेको विशेष संयोगको रुपमा लिइन्छ।

शान्तिका प्रतीक गौतम बुद्धले बौद्ध दर्शनको प्रवर्धन गर्दै विश्वमा शान्ति छर्नका लागि गर्नुभएको योगदान आज पनि अविस्मरणीय छ। वैशाख शुक्ल पक्षको पूर्णिमा तिथिको दिन गौतम बुद्धको जन्म जयन्ती मनाउने गरिन्छ। गौतम बुद्धप्रति अत्यन्त श्रद्धा एवम् भक्तिभावसहित बुद्धका मन्दिर, गुम्बा, बिहार, स्तुपा र चैत्यमा प्रार्थना र ध्यानमार्फत बुद्धको स्मरण यस विशेष दिनमा गर्ने गरिन्छ। गौतम बुद्धको जन्मभूमि नेपालमा हुनुले हाम्रो प्रतिष्ठा र राष्ट्रको गौरव बढेको छ।

बुद्धका दर्शन र उपदेश आज पनि उत्तिकै सान्दर्भिक र महत्वपूर्ण छन्। बुद्धका दर्शन र उपदेशलाई मनन गरेर अघि बढ्न सके आपसी सद्भाव, सहिष्णुता र पारस्परिक सहयोगसहित समृद्ध नेपाल निर्माणको यात्रालाई अझ मजबुत बनाउन सकिन्छ। हाम्रो मुलुक बहुजातीय, बहुभाषिक र बहुसाँस्कृतिक विविधताले भरिपूर्ण छ। यही विविधताबीचको एकता, सहयोग र सद्भावले मुलुकमा दिगो शान्ति स्थापना गर्न सहयोग पुगिरहेको छ। यसका लागि बुद्धका दर्शन, उपदेश र सत्मार्गमा अगाडि बढ्न प्रेरित गर्ने वचनहरुको महत्वपूर्ण योगदान रहेको मैले महसुस गरेको छु। "समृद्ध नेपाल, सुखी नेपाली"को लक्ष्य हासिल गर्नका लागि पनि गौतम बुद्धका उपदेश र मार्गदर्शन त्यत्तिकै सान्दर्भिक, उपयोगी र अनुसरणीय छन्।

अन्त्यमा, बुद्ध जयन्तीको शुभ अवसरले हामीबीच पारस्परिक एकता, सम्मान र सद्भाव कायम गर्दै विश्व शान्ति र मानव हितका लागि प्रेरणा प्रदान गर्नेछ भन्ने विश्वाससहित पुनः २५७० औं बुद्ध जयन्तीको हार्दिक शुभकामना व्यक्त गर्दछु।

१८ वैशाख २०८३

हिक्मत कुमार कार्की
मुख्यमन्त्री
कोशी प्रदेश
मुख्यमन्त्री